नेपालको पहिलो बैंक
नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
स्थापित वि.सं. १९९४
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय

प्रधान कार्यालय
.....
धर्मपथ, काठमाडौं

प्रेष विज्ञप्ती

नेपाल बैंक लिमिटेड र फिन्तारा सोलुसन्स प्रा.लि. बिच सम्झौता

नेपालको पहिलो बैंक नेपाल बैंक लिमिटेडले बैंक स्थापनाको ९० औं वार्षिकोत्सवको अवसरमा बिएनपिएल प्लेटफर्ममा आबद्ध भई आफ्ना ग्राहकहरुलाई क्रेडिट कार्डबाट किस्ताबन्दिमा सामान खरिद गर्न सक्ने सुविधाको शुरुवात गरेको छ । नेपाल बैंक लि. र फिन्तारा सोलुसनस् प्रा.लि. बिच भएको सम्झौता अनुसार नेपाल बैंकको क्रेडिट कार्ड सुविधा प्रयोग गर्ने ग्राहकले "Buy now pay later" सुविधा प्रयोग गरी १८ महिनासम्मको किस्ताबन्दी सुविधामा सामान खरिद गर्न सक्नेछन् । यस सुविधा अन्तर्गत सामान खरिद गर्दा ग्राहकलाई कुनै ब्याज तथा सेवाशुल्क लाग्ने छैन । नेपाल बैंक लिमिटेड प्रधान कार्यालय काठमाण्डौमा मिति २०८३ कार्तिक १६ गते भएको कार्यक्रममा बैंकका तर्फबाट प्रमुख कर्जा अधिकृत श्री प्रदिप कुमार पाठक र फिन्तारा सोलुसन्सका कार्यकारी निर्देशक श्री आशिष कुमार शर्माले उक्त सम्झौतामा हस्ताक्षर गर्नु भएको थियो ।

नेपाल बैंक लिमिटेड यहि कार्तिक ३० गते ९० औं बर्षमा प्रवेश गर्दैछ । बैंकले छिटोछरितो र गुणस्तरीय ग्राहक सेवामा जोड दिई युवा जनशक्ति मार्फत् नेपालभर बैंकिङ सेवा प्रदान गरिरहेको छ । दक्ष व्यवस्थापन, युवा जनशक्ति र आधुनिक प्रविधिको समुचित प्रयोग भएसंगै आम नेपालीमा नेपालको पहिलो बैंक नेपाल बैंकप्रतिको आकर्षण दिन प्रतिदिन बढ्दै गएको छ ।

२०८३/०७/१६ गते सोमबार

भवदीय,

(प्रतिभा डंगोल)
प्रमुख सूचना अधिकारी